# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः २४ मितिः २०८१।१०।०८

**भाग-१**

शिवराज नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम शिवराज नगरसभाले यो **घरेलु मदिरा (उत्पादन, नियन्त्रण, व्यवस्थापन तथा नियमन) ऐन, २०८१** जारी गरेको छ ।

# घरेलु मदिरा (उत्पादन, नियन्त्रण, व्यवस्थापन तथा नियमन) ऐन, २०८१

**नगर सभाबाट स्वीकृत मितिः २०८१।०९।२५**

**प्रस्तावनाः**

शिवराज नगरपालिका क्षेत्रभित्र अवैध रुपमा घरेलु मदिरा उत्पादन, विक्री वितरणमा रोकथाम गर्नुका साथै कानुन बमोजिम ईजाजत प्राप्त गरी गुणस्तरीय घरेलु मदिरा उत्पादन, ब्राण्डिङ्ग तथा विक्री बितरण कार्यलाई व्यवस्थित र नियमन गर्दै सभ्य, शान्त र सदाचारयुक्त समाज निमार्णको अभिलाशालाई पुरा गर्नु वाञ्छनीय देखिएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) वमोजिम शिवराज नगरपालिकाले यो ऐन बनाएको छ ।

## परिच्छेद १

**१. संक्षिप्त नाम प्रारम्भः**

१.१ यस ऐनको नाम "घरेलु मदिरा (उत्पादन, नियन्त्रण, व्यवस्थापन तथा नियमन) ऐन
, २०८१" रहेको छ ।

१.२ यो ऐन नगरसभाबाट स्वीकृत भए पश्चात प्रारम्भ हुनेछ ।

## २. परिभाषा

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "कार्यपालिका" भन्नाले शिवराज नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले शिवराज नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ग) "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरिकावाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शव्दले रक्सी, जाड, छ्याङ, व्हिस्की, रम, जीन, माड, भोड्का, वियर, सेरी, सेम्पेन, साईडर, औद्योगिक रेक्टिफाईड स्प्रिट लगायतका घरेलु मदिरालाई बुझाउँछ ।

(घ) "डिलरवाला भन्नाले" शिवराज नगरपालिका भित्र मदिराको थोक बिक्री गर्ने अनुमती प्राप्त बिक्रेतालाई सम्झनु पर्दछ ।

(ङ) "होटल" भन्नाले भोजन खानपिनको प्रबन्ध भई बसोबासको सुबिधा दिने गरि व्यवसायिक आधारमा चलाइएको होटल सम्झनु पर्दछ र सो शब्दले रेष्टुरां समेतलाई जनाउँछ ।

(च) “सभा” भन्नाले शिवराज नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(छ) “नगरप्रमुख” भन्नाले शिवराज नगरपालिकाको नगरप्रमुख लाई सम्झनु पर्दछ ।

(ञ) “नगर उपप्रमुख” भन्नाले शिवराज नगरपालिकाको नगर उपप्रमुख लाई सम्झनु पर्दछ।

(ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले शिवराज नगरपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी वहन गरेको अधिकारी संझनु पर्दछ ।

(झ) “वडा अध्यक्ष” भन्नाले शिवराज नगरपालिकाका विभिन्न वडाबाट निर्बाचित वडा अध्यक्ष सम्झनु पर्दछ ।

(ञ) “सेवनकर्ता” मदिरा सेवन गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

(ट) “उत्पादन” भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने ,तताउने, पकाउने वा त्यस्तो पदार्थमा वास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाईने सवै वा कुनै विधि वा कार्य सम्झनु पर्छ ।

(ठ) “अनुमतिपत्र” भन्नाले मदिरा ऐन २०३१ को दफा ६ (क) बमोजिम उत्पादन, विक्रि वितरण निकासी वा पैठारी गर्न दिईएको अनुमति पत्र सम्झनु पर्छ ।

(ड) “तोकिएको” वा “तोकिए वमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्छ ।

## परिच्छेद २

## अनुमति तथा नियन्त्रण

३. **घरेलु मदिरा उत्पादनः** घरेलु गुणस्तरमा उत्पादन हुने अन्न र फलफुलहरुबाट कानुन वमोजिम घरेलु मदिरा उत्पादन, ब्रान्डिंग र विक्रि वितरणको लागि उद्योग व्यवसाय संचालन गर्न सकिनेछ ।

४. **घरेलु मदिराको उत्पादनमा नियन्त्रणः** कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमति पत्रमा तोकिएको शर्त बमोजिम बाहेक घरेलु मदिराको उत्पादन गर्न पाउने छैन।

५. **घरेलु मदिराको बिक्री वितरणमा नियन्त्रणः**

(१) कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक घरेलु मदिरा बिक्री, वितरण गर्न वा मदिरा खुवाउन, बार वा रेष्टुरेण्ट वा पसल थाप्न पाउने छैन ।

(२) कसैले पनि प्लाष्टिकको पोका (पाउच) मा मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्नु हुँदैन ।

(३) कसैले पनि अठार वर्षको उमेर पूरा नगरेको व्यक्ति तथा गर्भवती महिलालाई मदिरा बिक्री वितरण गर्न पाईने छैन ।

६. **मदिराको निकासी पैठारीमा नियन्त्रणः** कुनै व्यक्तिले सम्बन्धीत निकायको अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिराको निकासी वा पैठारी गर्न पाउने छैन ।

७. **अनुमतिपत्रको लागि निवेदन दिनु पर्नेः** यस नगरपालिका भित्र घरेलु मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न चाहनेले संघीय तथा प्रदेश कानून बमोजिमको प्रक्रिया पुरा गरि यस नगरपालिकाबाट समेत अनुमतिपत्र लिनु पर्नेछ र अनुमतिपत्र लिनको लागि तोकिए बमोजिमको ढाँचामा नगरकार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

८. **अनुमतिपत्र दिनुपर्नेः** दफा ७ बमोजिम अनुमतिपत्रको लागि कुनै निवेदन पर्न आएमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा निवेदकलाई अनुमतिपत्र दिन मनासिब देखेमा तोकिए बमोजिमको शर्तको अधीनमा रही घरेलु मदिराको उत्पादन, ब्राण्डिङ्ग तथा बिक्री वितरण, निकासी वा पैठारी गर्न तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ । तर अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई अनुमतिपत्र दिइने छैन।

९. **अनुमतिपत्रको अवधि र नवीकरणः** अनुमतिपत्र प्रत्येक वर्ष नवीकरण गर्नु पर्नेछ र नवीकरण दस्तुर सम्बन्धी व्यवस्था नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

१०. **अनुमतिपत्र रद्द गर्न सक्नेः** तोकिएको अधिकारीले दफा ८ बमोजिम दिइएको अनुमतिपत्र देहायको अवस्थामा रद्द गर्न सक्नेछः

(क) अनुमतिपत्र नवीकरण नगरेमा,

(ख) अनुमतिपत्रमा तोकिएका शर्त उल्लङ्घन गरेमा,

(ग) दफा ४ विपरीत काम गरेमा ।

(घ) यस ऐनका अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि निजी उपयोगको निमित्त तोकिएको परिमाणमा घरेलु मदिरा उत्पादन यस ऐन अन्तर्गत अनुमतिपत्र लिनु पर्ने छैन ।

## परिच्छेद ३
## अनुगमन सम्वन्धि व्यवस्था

**११. खानतलासी, कब्जा वा नियन्त्रणमा लिन सक्नेः**

(१) कुनै स्थानमा यस ऐन बमोजिम सजाय हुने कसूर भएको छ भन्ने मनासिब देखिएको खण्डमा नगरपालिकाको बजार अनुगमन समिति वा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीले त्यस्तो स्थानको खानतलासी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम खानतलासी गर्दा तोकिएको अधिकारीले खानतलासी गर्नु पर्ने कारण खोली खानतलासी गर्ने स्थानको धनी वा तत्काल सो स्थान प्रयोग गरिरहेको व्यक्तिलाई सो स्थानमा प्रवेश गर्नु भन्दा अगावै सूचना दिएर मात्र खानतलासी गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम खानतलासी गर्दा यस ऐन बमोजिम सजाय हुने कसूर भएको विश्वसनीय कारण देखिएमा त्यस्तो कसूरसँग सम्बन्धित सामान कब्जामा लिन सकिनेछ।

(४) कुनै व्यक्तिले यस ऐन बमोजिम सजाय हुने कसूर गरेको वा गर्न लागेको छ र निजलाई नियन्त्रणमा नलिए निज भागी जाने सम्भावना छ भन्ने लागेमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले निजलाई स्थानीय तहमा रहेको नेपाल प्रहरीको सहयोगमा निजलाई नियन्त्रणमा लिन आदेश दिन सक्नेछ ।

(५) तोकिएको अधिकारीले यस दफा बमोजिम खान तलासी, कब्जा वा नियन्त्रणमा लिँदा स्थानीय जनप्रतिनिधिको रोहबरमा गर्नु पर्नेछ ।

(६) तोकिएको अधिकारीले यस दफा बमोजिम खान तलासी, कब्जा वा नियन्त्रणमा लिँदा अपनाउनु पर्ने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२. खानतलासी, कब्जा वा नियन्त्रणको प्रतिवेदन दिनु पर्नेः**

यस ऐन अन्तर्गत कसैलाई नियन्त्रणमा लिएको वा कुनै स्थानमा खान तलासी गरेको वा कुनै सामान कब्जा गरेकोमा तोकिएको अधिकारीले सो कुराको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष दिनु पर्नेछ।

**१३. दुःख दिने नियतले खान तलासी, कब्जा वा नियन्त्रण गर्ने लाई सजायः**

यस ऐनको विरुद्ध काम भए गरेको भन्ने मनासिब शङ्का नभई अर्कालाई दुःख दिने, हैरानी गर्ने, बेइज्जती गर्ने वा क्षति पुर्‍याउने नियतले कुनै स्थानमा प्रवेश गर्न वा खानतलासी गर्ने गराउने, कसैलाई नियन्त्रण गर्ने गराउने, कब्जा वा जफत गर्न नहुने सामान कब्जा वा जफत गर्ने गराउने

वा कसैलाई अनावश्यक क्षति वा चोट पुऱ्याउने वा पुऱ्याउन लगाउने व्यक्तिलाई पाँच देखि विस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

**१४. घरेलु मदिरा तथा अन्य सामानको जफत र बिक्रीः**

(१) कुनै व्यक्तिले यस ऐन विपरीत घरेलु मदिराको उत्पादन, ब्राण्डिङ्ग तथा बिक्री वितरण, निकासी वा पैठारी गरेमा सो कार्यसँग सम्बन्धित मदिरा तोकिएको अधिकारीले जफत गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जफत गरिएको मदिरा मध्ये गुणस्तरयुक्त मदिरा तोकिएको अधिकारीले तोकिए बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ

(३) यस ऐन विपरीत मदिराको कारोबार गर्न प्रयोग गरिएका सबै सामानहरु तोकिएको अधिकारीले जफत गरी तोकिए बमोजिम लिलाम बिक्री गर्नेछ । तर सवारी साधनको हकमा सवारी धनीको मञ्जुरी बिना त्यस्तो सवारी साधन जफत हुने छैन ।

**१५. सहयोग गर्नु पर्नेः**

यस ऐन अन्तर्गत सजाय हुने कसूरको तहकिकातको सिलसिलामा प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अधिकार पाएको कर्मचारीले सहयोग मागेमा आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

## परिच्छेद ४

## उत्पादन तथा बिक्रि

**१६. मदिराजन्य वस्तुको विक्रीः**

(१) मदिराजन्य वस्तुको विक्रेताले व्यवसाय स्थापना गर्न संघीय कानून बमोजिमको प्रक्रिया पुरा गर्नुको साथै नगरपालिकाबाट समेत स्वीकृती लिनु पर्नेछ ।

(२) मदिराजन्य वस्तु विक्री गर्ने पसल खाद्यान्न, किराना वा अन्य पसल सँग खोल्न पाइने छैन यस्ता पसलहरु छुट्टै खोल्नु पर्नेछ ।

(३) नगरपालिका भित्र तोकिएको समय र स्थान बाहेक अन्यत्र मदिराजन्य पदार्थको विक्री वितरण गर्न पाइनेछैन ।

**१७. घरेलु मदिराको उत्पादन र विक्रीः**

(१) नगरपालिकाको क्षेत्र भित्र घरेलु मदिरा उत्पादन ब्राण्डिङ्ग तथा विक्री वितरण गर्न पाइने छैन । तर, यस दफाले कसैलाई पनि धार्मिक तथा घरायसी प्रयोजनका लागि निश्चित परिमाणमा घरेलु मदिरा उत्पादन गर्न रोक लगाएको मानिने छैन ।

(२) दफा (१) बमोजिमको घरेलु मदिरा उत्पादन गरि विक्री गरेमा खानतलासी लिई उत्पादनमा प्रयोग भएका सामानहरु जफत गर्न र कानुन बमोजिम जरिवाना गर्न सकिनेछ ।

**१८. मदिराजन्य पदार्थको प्रयोगः**

(१) नगरपालिका भित्र तोकिएको क्षेत्र बाहेक कुनै पनि सार्वजनिक स्थलमा मदिराजन्य पदार्थ सेवन गर्न पाइने छैन । मदिराजन्य पदार्थ सेवन गरि सार्वजनिक स्थलमा होहल्ला वा झगडा गरेमा यस्तो गर्ने व्यक्ति वा समूहलाई नियन्त्रणमा लिन सकिनेछ ।

(२) दफा (१) बमोजिम नियन्त्रणमा लिएको व्यक्तिलाई जनही रु. एक हजारदेखि पाँच हजारसम्म जरिवाना गर्न सकिने छ ।

(३) अनुमती नलिई उत्पादन गर्नेलाई कानूनमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ५

## विवाद निरुपण, दण्ड तथा पुरस्कार

**१९. मुद्दा हेर्ने अधिकारीः**

यस ऐन बमोजिम मदिराजन्य वस्तुको उत्पादन, ब्राण्डिङ्ग तथा विक्री र उपयोगको कारण उत्पन्न विवाद नगरपालिकाको न्यायिक समितिले हेर्नेछ । तर, न्यायिक समितिको क्षेत्राधिकार भन्दा बाहेकको विषय संघीय वा प्रदेश कानून बमोजिम हुनेछ ।

**२०. पुनरावेदनः**

यस ऐन बमोजिम न्यायिक समितिले गरेको निर्णय उपर संघीय कानून बमोजिम पुनरावेदन गर्न सकिनेछ।

**२१. दण्ड सजायः**

(१) यस ऐन विपरीत काम गर्ने व्यक्तिलाई पाँच हजारदेखि पचास हजार रुपैयासम्म जरिबाना हुनेछ।

(२) यस ऐन विपरीतको कुनै काम गर्न उद्योग गर्ने वा त्यस्तो काम गर्न दुरुत्साहन गर्ने वा सो काममा सहयोग गर्ने व्यक्तिलाई पच्चिस सय देखि पच्चिस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

**२२. नगरपालिकालाई तिर्नु पर्ने रकम सरकारी बाँकी सरह असूल गर्नेः**

यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै व्यक्तिले नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई बाँकी राखेमा त्यस्तो रकम निजबाट तोकिएको अधिकारीले सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

**२३. पुरस्कार**

(१) कसैले यस ऐन विपरीत मदिरा उत्पादन, सञ्चय, बिक्री वितरण, ओसार पसार, निकासी वा पैठारी गर्न लागेमा वा गरेमा त्यसको सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री

पेश गर्ने व्यक्तिलाई सो कार्य भए गरेको प्रमाणित हुन आएमा बिगोको दश प्रतिशत रकम पुरस्कार स्वरुप दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम पुरस्कार दिने प्रयोजनको लागि मदिरा र सोसँग सम्बन्धित जफत भएको सामान लिलाम भएको अवस्थामा लिलामबाट प्राप्त रकमलाई बिगो मानिनेछ ।

(३) कुनै कारणले जफत भएको मदिरा वा सामान लिलाम हुन नसकेमा वा लिलाम नहुने भएमा नगर कार्यपालिकाले त्यस्तो सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई उचित ठहऱ्याएको रकम पुरस्कार स्वरुप दिन सक्नेछ ।

(४) यस दफा बमोजिम पुरस्कार पाउने व्यक्ति एक जना भन्दा बढी भएमा पुरस्कारको रकम दामासाहीले वितरण गरिनेछ ।

## परिच्छेद ६

## संसोधन, बचाउ तथा खारेजी

**२४. नियम बनाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले नियम तथा कार्यविधिहरु बनाउन सक्नेछ।

**२५. संसोधन, बचाउ र खारेजीः**

(१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि अन्य प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम मदिरा उत्पादन गर्ने अनुमति प्राप्त गरेकोलाई यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

(२) यो ऐन संसोधन वा खारेज गर्न आवश्यक देखेमा नगर सभाले संसोधन वा खारेज गर्न सक्नेछ ।

(३) यस ऐनमा लेखिएका कुराहरु प्रचलित स्थानीय सरकार संचालन ऐन २०७४ सँग बाझिएमा स्वतः निष्कृय हुनेछ ।

**आज्ञाले,**
**बाबुराम पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**